# बैठक संख्याः ३४

आज मिति २०७५।०५।०७ गतेका दिन यस कनकाई नगरकार्यपालिकाका प्रमुख श्री राजेन्द्र कुमार पोखरेल ज्यू को अध्यक्षतामा वडाअध्यक्ष तथा कार्यपालिका सदस्य सहितको उपस्थितिमा कनकाई नगरकार्यपालिकाको बैठक नगरपालिकाको कार्यालयमा वसी देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति-

| | | |
|---|---|---|
| १. | नगर प्रमुख | श्री राजेन्द्र कुमार पोखरेल- |
| २. | नगर उप प्रमुख | श्री मञ्जु प्रसाई- |
| ३. | वडा अध्यक्ष | श्री रोशन राज पोखरेल- |
| ४. | वडा अध्यक्ष | श्री परशुराम गिरी- |
| ५. | वडा अध्यक्ष | श्री रुद्र प्रसाद चिमरीया- |
| ६. | वडा अध्यक्ष | श्री गोबिन्द प्रसाद पौडेल- |
| ७. | वडा अध्यक्ष | श्री कृष्ण बहादुर राई- |
| ८. | वडा अध्यक्ष | श्री लक्ष्मी प्रसाद ओली- |
| ९. | वडा अध्यक्ष | श्री लीला बहादुर कन्दङ्वा- |
| १०. | वडा अध्यक्ष | श्री प्रेम बहादुर कटुवाल- |
| ११. | वडा अध्यक्ष | श्री प्रेम प्रसाद राजवंशी- |
| १२. | कार्यपालिका सदस्य | श्री सिता अधिकारी- |
| १३. | कार्यपालिका सदस्य | श्री सावित्रा वर्देवा- |
| १४. | कार्यपालिका सदस्य | श्री चुवा लाल राजवंशी- |
| १५. | कार्यपालिका सदस्य | श्री देवेन्द्र कुमार दर्जी- |
| १६. | कार्यपालिका सदस्य | श्री कृष्ण माया भुजेल- |
| १७. | कार्यपालिका सदस्य | श्री सुनिता खरेल सिग्देल- |
| १८. | कार्यपालिका सदस्य | श्री नवलकिशोर दत्त कायस्थ- |
| १९. | कार्यपालिका सदस्य | श्री मुना वयलकोटी |
| २०. | कार्यवाहक वडा अध्यक्ष | श्री देवि प्रसाद अधिकारी |
| २०. | सदस्य सचिव | श्री देवेन्द्र कार्की |

**प्रस्तावहरु**

१. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यनिधि सम्बन्धमा ।
२. आ.ई.ई. प्रतिवेदन सम्बन्धमा ।
३. विरिङ्ग खोलाको नदिजन्य पदार्थको ठेक्का सम्बन्धमा ।
४. सहकारीको प्रस्ताव सम्बन्धमा ।
५. भुरुङ्गा खोला पुलको लागत अनुमान स्वीकृति सम्वन्धमा ।
६. कर पुनरावलोकन सम्बन्धमा ।
७. वडा न. ३ र ४ को वडा कार्यालय सम्बन्धमा ।
८. आन्तरिक आय ठेक्का ब्यवस्थापन सम्वन्धी कार्यविधि २०७५ सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा कार्यपालिकाको बैठकमा पेश भएको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा विरिङ्ग खोलाको प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन (IEE) र कनकाई नदीको प्रारम्भिक बातावरणीय प्रतिवेदन पेश भए बमोजिम स्वीकृत गरी अन्तिम स्वीकृतको लागि जिल्ला सम्बन्धमा समितिमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा विरिङ्ग नदीको कूल ६७००० घनमिटर नदीजन्य पदार्थ संकलनको लागि कूल रु. ६३,५७,५६५।- (ग्राभेल २०,१०० घ.मि रु. २१,२९१९३।- र बालुवा ४७,९०० ब.मि. को रु. ४२,२८,३७२) र सडक सुधार शुल्कको लागि रु. ३३,५०,०००।— लाई न्यूनतम रकम कायम गरी १५ दिने आन्तरिक आय ठेक्का सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा युवा स्वरोजगार कार्याक्रमको पूजी परिचालनको लागि कनकाई नगरपालिका क्षेत्रमा सहाकारी संघ माग गरिएको प्रस्ताव पत्र अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भुरुङ्गा खोलाको पूल निर्माणको लागि प्राविधिक प्रतिवेदनबाट प्राप्त भएको रु. ९३, ४७,७५१ रुपमा ४५ पैसा लागत अनुमान स्वीकृत गर्ने र उक्त योजनालाई बहुबर्षिय योजनाको रुपमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आर्थिक वर्षको स्वीकृत करका दरहरुलाई पुनरावलोकन गर्नु पर्ने देखिएकोले देहाय बमोजिमको कार्यदल निर्माण गर्ने निर्णय गरियो ।

प्रेम बहादुर कटुवाल - संयोजक
गोबिन्द प्रसाद पौडेल - सदस्य
लक्ष्मी प्रसाद ओली - सदस्य
नवल किशोर दत्त - सदस्य
सीता अधिकारी - सदस्य

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा वडा न. ३ र ४ को वडा कार्यालय भवन साबिकको गा.वि.स भवनमा राखिने भएकाले उक्त भवनको रङ्ग रोगन तथा घेराबारा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा बैठकमा पेश भएको आन्तरिक आय ठेक्का ब्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५ स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।